का.जि.प्र.का.द.नं. १००/०५९/६०

२६ असोज २०७९,
बुधबार
12 October 2022,
Wednesday

मूल्य रु. ५/-

# मध्याह्न

राष्ट्रिय दैनिक

ईपेपर हेर्न

वर्ष २०, अंक २४१ । पृष्ठ १६ | Madhyanha National Daily | www.madhyanhadaily.com



सप्तरीको हनुमान नगर कंकालिनी नगरपालिका-१ कोशी पलारमा पाक्दै गरेको धानबाली । यो वर्ष धान उत्पादन बढ्ने अनुमान गरिएको छ । तस्वीर: अरुणकुमार यादव, रासस

# विद्रोहको अर्थ

पार्टीहरूमा संघीय र प्रदेश सभा सदस्यको उम्मेदवारको टिकट नपाएको निहुँमा नेताहरूबाट विद्रोह भएको छ । कतिपयले स्वतन्त्र उम्मेदवारी दिएका छन्, कतिले पार्टीबाट राजीनामा दिएका छन् कतिपयले पार्टीको कारबाही सहेर पनि नेतृत्वका विरुद्ध आफूलाई खडा गरेका छन् ।



“उहाँ (प्रभु साह)का संदिग्ध खालका गतिविधिको रिपोर्ट आएका थिए, विश्वास गरेको थिइनँ । तर, अन्तिममा बेइमानी भयो ।

**केपी ओली**
अध्यक्ष नेकपा एमाले



“‘संदिग्ध र हरियो सर्प’लाई माथि चढाउन जिम्मेवार को र आज अनेकौं ‘संदिग्ध र रंगिविरंगी सर्प’ किन हुर्काइदैछ ?

**भीम रावल**
नेता, नेकपा एमाले

**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, २५ असोज ।

प्रभु साहको विद्रोहले नेकपा एमालेमा तरंग पैदा गरेको छ। एमालेबाट लिएको टिकट त्यागेर प्रतिनिधिसभामा स्वतन्त्र उम्मेदवारी दिएका प्रभु साहले अन्य नेताहरूलाई मधेश प्रदेशमा २५ बढी स्थानमा स्वतन्त्र उम्मेदवारी दर्ता गराएका छन् । यसपछि एमाले नेताहरु तरंगित भएका हुन् । कार्यकर्तालाई थामथुम पार्न स्वमं अध्यक्ष केपी ओली लगायतका नेताहरु लागेका छन् भने भीम रावल लगायतका नेताहरु ओली माथि नै प्रश्न उठाइरहेका छन् ।

अध्यक्ष ओलीले एउटा टेलिभिजनलाई अन्तर्वार्ता दिँदै प्रभु साहले लामो समयदेखि संदिग्ध खालका गतिविधि गरिरहेको आफ्नो जानकारीमा रहेको टिप्पणी गरेका छन् । आफूसँग साहका संदिग्ध खालका गतिविधिबारे रिपोर्ट आएको भएपनि विश्वास नगरेर बस्दा धोका खान पुगेको उनको भनाइ छ ।

‘उहाँले षड्यन्त्र गर्नुभयो, ५ बजेसम्म टिकट खल्तीमा राख्नु भयो, उम्मेदवारी दिँदैछु भन्नुभयो। पछि वारेस पठाएर स्वतन्त्र ढंगले उम्मेदवारी दर्ता गर्नुभयो,’ अध्यक्ष ओलीले भनेका छन्, ‘प्रभु साहका संदिग्ध खालका गतिविधिको रिपोर्ट आएका थिए, विश्वास गरेको थिइनँ। तर, अन्तिममा धोका भयो, बेइमानी भयो ।

साहको गतिविधिले ती रिपोर्टहरू सही रहेछन् भन्ने देखाएको ओलीको भनाइ छ । ओलीले साहले रौतहटमा एमालेको उम्मेदवार खाली गराइदिने षड्यन्त्र रचेको पनि आरोप लगाए । ‘जिल्लाको टिकट कब्जामा राख्न खोज्दै हुनुहुन्थ्यो, जिल्लामा सिंगै एमाले खाली गराइदिने षड्यन्त्र रहेछ,’ उनले भने, ‘उहाँ कहाँबाट परिचालित हुनुहुन्थ्यो ।’

प्रभु साहको कदमप्रति एमालेका अन्य नेताहरु पनि खनिएका छन् । एमाले प्रचार विभाग उपप्रमुख विष्णु रिजालले त प्रभु साहलाई हरियो सर्पसँग तुलना गरेका छन् । ‘प्रभु साह

– बाँकी पृष्ठ २ मा

## प्रतिशोध साँध्दै ओली

**कान्ति न्यौपाने/मध्यान्ह**
काठमाडौं, २५ असोज ।

नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओलीले पार्टीभित्र प्रतिशोध साँध्न थालेपछि एकपछि अर्को गर्दै केन्द्रीय नेता नै बाहिरिन थालेका छन् । आगामी चुनावका लागि टिकट दिने क्रममा आफू निकट वा जयजयकार गर्ने बाहेकलाई अपेक्षा गरेपछि राम्रो जनमत भएका नेताले नै पार्टी परित्याग गरेका हुन् । पार्टी परित्याग गर्नेमा घनश्याम भुसाल, तराईमा राम्रो जनमत बटुलेका प्रभु शाह, गंगा चौधरी, कुन्दन कुशवाहा, बदमी बुढा लगायतका केन्द्रीय नेताहरु रहेका छन् ।

‘नेताहरुले एकपछि अर्को गर्दै पार्टी छोड्दाँ जनमत कमजोर हुन थालेका छ, अध्यक्ष ओलीले मिलाउन पहल गर्नुपर्नेमा प्रतिशोध साँध्दा यस्तो परिणाम देखिएको हो, ओली निकट एक केन्द्रीय नेताले भने । उनले नेता भुसालले पार्टी छोड्दा

– बाँकी पृष्ठ २ मा

# बागीलाई फिर्ता हुन निर्देशन



**शिवराज परियार/मध्यान्ह**
काठमाडौं, २५ असोज ।

राजनीतिक दलहरुलाई वागी उम्मेदवार टाउको दुखाइको विषय बनेको छ । मंगलबार पाँच दलीय सत्ता गठबन्धनले गठबन्धनमा पाएको भागबन्डामा चित्त नबुझाएर उम्मेदवारी दर्ता गर्ने बागीहरुलाई उम्मेदवारी फिर्ता लिन निर्देशन नै दिएको छ ।

प्रधानमन्त्री निवास बालुवाटारमा मंगलबार बसेको सत्तारुढ गठबन्धनको बैठकले कांग्रेस, माओवादी केन्द्र, एकीकृत समाजवादी र राष्ट्रिय जनमोर्चाबाट पूर्वसहमतिविपरीत दलका नेताहरूले दर्ता गराएको उम्मेदवारी फिर्ता गराउन निर्देशन दिएको हो ।

गठबन्धनले बागीहरुलाई उम्मेदवारी फिर्ताको मिति नै तोकिदिएको छ । शीर्ष नेताहरु सम्मिलित तैबठले असोज २६ गते १ बजेभित्र उम्मेदवारी फिर्ता लिन समय नै तोकिदिएको हो ।अन्यथा, पार्टीबाट निकालिने चेतावनी दिइएको छ ।

> पाँच दलीय सत्ता गठबन्धनले गठबन्धनमा पाएको भागबन्डामा चित्त नबुझाएर उम्मेदवारी दर्ता गर्ने बागीहरुलाई उम्मेदवारी फिर्ता लिन निर्देशन दिएको छ । अन्यथा, पार्टीबाट निकालिने चेतावनी दिइएको छ ।

प्रधानमन्त्री तथा कांग्रेस सभापति शेरबहादुर देउवा, माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल, एकीकृत समाजवादीका अध्यक्ष माधवकुमार नेपाल र राष्ट्रिय जनमोर्चाका अध्यक्ष चित्रबहादुर केसीले विज्ञप्तिमार्फत आ-आफ्नो पार्टीका गठबन्धनमा भएको सिट बुंदाविपरीत उम्मेदवारी दिने नेताहरूलाई फिर्ता हुने निर्देशन दिएका हुन् । सहमति अनुसार समयभित्र उम्मेदवारी

– बाँकी पृष्ठ २ मा

# मलेसिया रोजगारीको शुल्कबारे विभागको कडा चासो

**मध्यान्ह संवाददाता**
काठमाडौं, २५ असोज

वैदेशिक रोजगार विभागले वैदेशिक रोजगारका लागि मुख्यतः मलेसिया जाने कामदारबाट विज्ञापनमा उल्लेखित शर्त विपरीत रकम असुल गरिएको भन्दै कडा कारबाही गर्ने चेतावनी दिएको छ ।

वैदेशिक रोजगारमा जाने कामदारलाई अनुचित लागतको बोझबाट मुक्त गर्ने उद्देश्यसहित फ्रि-भिसा, फ्रि-टिकटको निर्णय लागू गरिएको भएपनि व्यवहारमा म्यानपावर कम्पनीहरूले कार्यान्वयन नगरेको पाइएको विभागले दाबी गरेको छ ।

विभागका निर्देशक कृष्णप्रसाद भुसालले सोमबारको मिति राखी मंगलबार जारी गरेको सूचनामा नेपाल सरकारले वैदेशिक रोजगारीका लागि खुला गरिएका देशहरूमध्ये मलेसिया तथा खाडी मुलुकहरूबाट कामदार माग भई सम्बन्धित देशमा रहेको नेपाली कुटनैतिक नियोगबाट मागपत्र प्रमाणित हुँदाका बखत फ्रि-भिसा, फ्रि-टिकट लगायतका अन्य शुल्क रोजगारदाताले व्यहोर्ने भनी विवरण खुलाई सम्बन्धित म्यानपावर संस्थाले कामदार छनोटका लागि पूर्व स्वीकृति पछिका विज्ञापनमा निःशुल्क भिसा, निःशुल्क हवाई टिकट

– बाँकी पृष्ठ २ मा

वैदेशिक रोजगार विशेष

## ‘वैदेशिक रोजगारमा गएकालाई १० प्रतिशत आईपीओ’

काठमाडौं/मस- प्रधानमन्त्री शेरबहादुर देउवाले वैदेशिक रोजगारीमा गएका नेपाली युवायुवतीलाई धितोपत्रको प्राथमिक निष्कासन (आईपीओ) मा १० प्रतिशत शेयर आरक्षित गर्ने व्यवस्था गरिएको बताएका छन् ।

मंगलबार गैरआवासीय नेपाली संघ (एनआरएनए)को वार्षिक साधारण सभालाई सम्बोधन गर्दै प्रधानमन्त्री देउवाले नेपाल सरकारले वैदेशिक रोजगारी तथा अन्य पेशा व्यवसाय गरेर विदेशमा बसेका नेपालीका लागि अन्य सहुलियतपूर्ण व्यवस्था गर्ने बताए । प्रधानमन्त्री देउवाले धितोपत्रको दोस्रो चरणमा गैरआवासीय नेपालीहरुलाई खुला गर्न कानूनी व्यवस्था मिलाइने कुरा समेटिएको उल्लेख गरे ।

# मन्त्रिपरिषद् : सधैं अधुरो

**मुकुन्द लामिछाने/मध्यान्ह**
काठमाडौं, २५ असोज ।

प्रधानमन्त्री शेरबहादुर देउवाले जनता समाजवादी पार्टी (जसपा) तर्फका मन्त्रीहरुलाई हटाउने तयारी गरेका छन् । जसपाले नेकपा एमालेको गठबन्धन रोजेपछि प्रधानमन्त्री देउवाले सरकारबाट हटाउने तयारी गरेका हुन् । हटाउनु अगाडि नै राजीनामा गर्न प्रधानमन्त्री देउवाले समय दिएको बालुवाटार स्रोतले जनायो ।

सरकारमा जसपाका तर्फबाट राजेन्द्र श्रैष्ठ संघीय मामिला तथा सामान्य प्रशासन मन्त्री राजेन्द्र श्रेष्ठ, भौतिक पूर्वाधार मन्त्री मोहम्मद इस्तियाकराई, नव तथा वातारण मन्त्री प्रदीप यादव र कृषि तथा पशुपंक्षी मन्त्री मृगेन्द्कुमार सिंह

– बाँकी पृष्ठ २ मा

VACANCY
ANNOUNCEMENT

A Reputed Manpower Recruitment Company based in Kathmandu is seeking applications from deserved applicants for the following positions:- Salary : Negotiable.

1. PUBLIC RELATION OFFICER(PRO)MALE/FEMALE-4
2. DOCUMENTATION OFFICER FEMALE-1

(MINIMUM SALARY 25000 TO 35000)

Requirements : confident and able to work under pressure

Experience: 5 Years on Manpower field.

H.M.T OVERSEAS PVT LTD
SINAMANGAL, GAMKA MARGA, KATHMANDU
CELL NO [illegible]
(GOV LIC-1420/074/075)

MALAYSIA मा वैदेशिक रोजगारको अवसर

१. कम्पनी: YH LAMINATED PRODUCTS SDN. BHD. शहर: MALAYSIA
पूर्व स्वीकृत मिति: २०७९/०६/२५ चलानी नं.: ६०१८८८७८ LT. No.: 273186

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Factory Worker | 18 | 0 | स. काममा दक्ष | 1500 | ४२,३९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

२. कम्पनी: GOPRO TECHNOLOGY SDN BHD शहर: SELANGOR
पूर्व स्वीकृत मिति: २०७९/०६/२५ चलानी नं.: ६०१८८८८३ LT. No.: 273187

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | General Worker | 50 | 0 | स. काममा दक्ष | 1500 | ४२,३९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ कात्तिक २ गते (19 October 2022) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- रोजगारदाताले तिर्ने | रु. १,५००/- रोजगारदाताले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

Govt Lic. NO. 647/063/064

SHARON MANPOWER SERVICES PVT. LTD.
P.O. Box : 10443, Prayag Marga, Baneshwor-9, Kathmandu
Phone : 4481505, 4481905, 4481957

मध्यान्ह
www.madhyanhadaily.com
२६ असोज २०७९, बुधबार
12 October 2022, Wednesday

### कर्णाली प्रदेशमा बाढीपहिरो

# मृतकको संख्या ३३ पुग्यो

# ४८० घर परिवार विस्थापित

**सुर्खेत/मस-** कर्णाली प्रदेशभर बाढीपहिरामा परी मृत्यु हुनेको संख्या ३३ पुगेको छ । प्रदेश प्रहरी कार्यालय कर्णालीका अनुसार प्रदेशभर मृत्यु हुनेको संख्या ३३ पुगेको हो । सबैभन्दा धेरै जुम्लामा नौ जनाको मृत्यु भएको प्रदेश प्रहरी कार्यालय कर्णाली प्रदेशका प्रवक्ता एवं प्रहरी वरिष्ठ उपरीक्षक माधवप्रसाद श्रेष्ठले जानकारी दिए । उनका अनुसार मुगुमा आठ, कालिकोट र हुम्लामा चार/चार जना, जाजरकोटमा तीन जनाको मृत्यु भएको छ । डोल्पा र सल्यानमा दुई/दुई जनाको मृत्यु भएको छ भने दैलेखमा एक जनाको मृत्यु भएको प्रदेश प्रहरी कार्यालयले जनाएको छ । सुर्खेत र रुकुम पश्चिममा भने मानवीय क्षति नभएको प्रहरीको भनाइ छ । २२ जना अझै बेपत्ता भएको र उनीहरुको खोजी कार्य जारी रहेको प्रहरी प्रवक्ता श्रेष्ठले जानकारी दिए । बेपत्ता हुने सबैभन्दा धेरै कालिकोटका एक प्रहरी जवानसहित २० रहेका छन् । जुम्लाका दुई र दैलेखका एक जना रहेका छन् । बाढीपहिरामा परी प्रदेशभर २१ घाइते भएको विवरण प्रहरीको तथ्याङ्कमा छ । जसअन्तर्गत कालिकोटका मात्रै सात छन् भने मुगु र हुम्लाका पाँच/पाँच घाइते भएका छन् । जुम्लाका दुई, रुकुम पश्चिमका एक र जाजरकोटमा एक जना घाइते भएको र उनीहरुको उपचार भइरहेको प्रहरीले जनाएको छ ।

**सयौं घर परिवार विस्थाापित**

लगातारको वर्षाका कारण कर्णाली प्रदेशभर चार सय ८० घर परिवार विस्थापित भएका छन् । प्रहरीको तथ्याङ्कअनुसार सबैभन्दा धेरै दैलेखमा एक सय तीन घर परिवार विस्थापित भएका छन् । मुगुका एक सय ७८ घर परिवार विस्थापित हुँदा जुम्लाका ८६, कालिकोटका ४८, हुम्लाका ४०, सल्यानका नौ, सुर्खेतका आठ घर परिवार विस्थापित भएका हुन् ।

डोल्पाका चार घर परिवार विस्थापित हुँदा जाजरकोट र रुकुम पश्चिमका दुई/दुई घर परिवार विस्थापित भएका छन् । प्रभावित जिल्लामा जिल्ला सुरक्षा समितिले समन्वय गरी नेपाल प्रहरी, नेपाली सेना, सशस्त्र प्रहरी बललगायत सुरक्षाकर्मी परिचालन गरी उद्धार र राहत कार्य भइरहेको प्रवक्ता श्रेष्ठले बताए । घर क्षति र विस्थापितलाई लागि प्रदेश सरकारले राहत पठाउने प्रक्रियामा शुरु गरेको जनाएको छ । घाइतेको उद्धारको लागि हेलिकप्टर परिचालन भइरहेको जनाइएको छ ।

# पहिरोले पुरिएर चार बालबालिकाको मृत्यु

**हुम्ला/मस-** हुम्लाको चङ्खेली गाउँपालिका-६ मा पहिरोले एक घर पुरिँदा चार जनाको मृत्यु भएको छ भने पाँचजना घाइते भएका छन् । घाइतेको उद्धार गरिएको छ ।

लगातार परेको पानीले घरमाथि पहिरो जाँदा घर पुरिएको स्थानीयवासी ध्रुवकुमार शाहीले बताए । उनका अनुसार मृत्यु हुने चारै जना बालबालिका हुन् । घटनास्थलमा प्रहरी पुगिनसकेकाले के कति क्षति भएको हो एकिन विवरण आइसकेको छैन ।

घटनास्थल पुग्न सदरमुकाम सिमकोटबाट तीन दिन पैदल हिँड्नुपर्छ । स्थानीय शाहीका अनुसार घाइते पाँच जनाको स्थानीय स्वास्थ्यचौकीमा उपचार भइरहेको छ । अहिले पनि झरी परिरहेकोले पुरिएकाको शव निकाल्न सकिएको छैन ।

### विद्रोहको...

जस्ता हरिया सर्पहरूले एक न एक दिन डस्छन् । आपराधिक विगत, अस्थिर चरित्र, चरम महत्वकाङ्क्षा, जातीय संकीर्णता, संदिग्ध क्रियाकलाप र 'रिमोट कन्ट्रोल'बाट चल्नुपर्ने बाध्यताका कारण प्रभु साहले नेकपा (एमाले) लाई धोका दिए पनि मधेसमा नेकपा (एमाले)का पक्षमा आएको जनलहरलाई त्यसले रोक्न सक्नै छैन ।'

फेसबुकमा स्ट्याटस लेख्दै उनले साहलाई आपराधिक विगत भएको र जातीय संक्रिणता बोकेर रिमोल कन्ट्रोलबाट चलेको आरोप लगाएका हुन् । एउटा कुरामा हामी सबैले ध्यान दिनैपर्छ भन्दै रिजालले फेसबुकमा लेखेका छन्, 'अतः हाम्रो गौरवशाली पार्टी प्रतिक्रियावादीसँग वार कि पारको लडाइँमा होमिएको बेला घुर्क्याउने, धम्क्याउने, बार्गेनिङ गर्ने, निस्क्रिय रहने, नकारात्मक कुरा गर्ने, सार्वजनिक सञ्चारमाध्यममा असन्तुष्टि व्यक्त गर्ने, कार्यकर्ता भड्काउन प्रयास गर्ने जस्ता कुनै पनि क्रियाकलाप कसैका लागि पनि क्षम्य छैनन् ।'

तरंगित भएको एमालेमा एमालेकै नेता भीम रावलले थप तताउने गरी अभिव्यक्ति दिएका छन् । उनले उल्टै नेकपा एमाले अध्यक्ष केपी शर्मा ओलीमाथि प्रश्न उठाएका छन् ।

रावलले ट्वीट गरेका छन्, 'प्रभु साहको 'विद्रोह'बारे निज पहिलेदेखि संदिग्ध चरित्रको भन्ने अध्यक्ष केपीको भनाइ सुनियो । 'हरियो सर्प' भनेको पनि आयो । 'संदिग्ध र हरियो सर्प'लाई माथि चढाउन जिम्मेवार को र आज अनेकौं 'संदिग्ध र रंगिविरंगी सर्प' किन हुर्काउँदैछ भन्ने पनि स्पष्ट गर्ने कि ?'

यस्तो विद्रोह घनश्याम भुसालबाट पनि भयो । टिकट नपाएपछि उनाले पार्टी नै छोडेर स्वतन्त्र उम्मेदवारी दिएका छन् ।

नेपाली कांग्रेसका बरिष्ठ नेता रामचन्द्र पौडेलविरुद्ध तनहुँ-१ मा गोविन्दराज जोशीको स्वतन्त्र उम्मेदवारी परेको छ । निवर्तमान सांसद अमरेशकुमार सिंहले सर्लाही-४ बाट कांग्रेसका उम्मेदवार नागेन्द्रकुमार रायविरुद्ध बागी उम्मेदवारी दिएका छन् । सिन्धुपाल्चोक-२ मा कांग्रेस उम्मेदवार मोहन बस्नेतविरुद्ध कांग्रेसकै पूर्वक्षेत्रीय सभापति बद्री चौलागाईले उम्मेदवारी दिएका छन् । अर्थात, देशका बिभिन्न ठाउँमा पार्टीको निर्णय विरुद्ध विद्रोह भएको छ ।

राजनीतिक शास्त्रका अध्यापक विष्णु दाहाल दलहरुभित्र विद्रोह हुनुको कारण सिस्टममा काम नहुनु रहेको बताउँछन् । उनका अनुसार समयमै कसले टिकट पाउने हो टुंगो लगाउने, टिकटको टुंगो लगाउनुअघि प्रयाप्त छलफल चलाउने र पार्टीभित्रबाट सर्वसम्मत गराएर टिकट दिलाउने हो भने विद्रोह हुने थिएन । तर, सिस्टममा नहिड्ने नेतृत्वको शैलीका कारण विद्रोह भएको हो ।

विद्रोहको अर्थ पार्टी विरोधमा हो भनेर बुझ्दा स्वमत दलहरुका घात हुने बताउँछन् अर्का प्रध्यापक कृष्ण खनाल । उनका अनुसार विद्रोह गरेर स्वतन्त्र उम्मेदवारी दिनु भनेको जनताकाबीच परीक्षण हुन खोज्नु हो । तिमी यसकारण अहिले रोकिनुपर्छ भनेर नेतृत्वले सम्झाउन नसक्ने र मनलाग्दी टिकट वितरण गर्ने प्रवृतिले दलहरुमा विद्रोहको स्थिति पैदा भएको उनलाई लाग्छ ।

### प्रतिशोध...

२० हजार एमाले पक्षधरमा निराशा छाएको बताएका छन् ।

त्यस्तै, पछिल्लो समय तराईमा एमाले बलियो बनाउन महत्वपूर्ण भूमिका खेलेका प्रभु शाहले स्वतन्त्र उम्मेद्वारी दिएपछि मधेश प्रदेशमा पनि धक्का पुगेको छ । 'एमालेबाट मलाई धोका भयो । पार्टी अध्यक्ष केपी शर्मा ओलीले मसँग रहेका साथीहरूलाई टिकट दिनुभएन, तसर्थ म अहिले स्वतन्त्र हुँ, पार्टीबारे चुनावपछि निर्णय हुन्छ,' नेता शाहले भने । उनी गठबन्धनमा जसपा ल्याएर आफूलाई बाहिर पुर्‍याएको भन्दै आक्रोशित बनेका हुन् ।

तर, अध्यक्ष ओलीले भने नेता शाहले एमाले सक्याउने षड्यन्त्र रचेको आरोप लगाएका छन् । 'जिल्लाको टिकट कब्जामा राख्न खोज्दै हुनुहुन्थ्यो, जिल्लामा सिंगै एमाले खाली गराइदिने षड्यन्त्र रहेछ, उहाँ कहाँबाट परिचालित हुनुहुन्थ्यो ?' अध्यक्ष ओलीले भने । उनले नेता शाह बारे संदिग्ध खालका गतिविधिको रिपोर्ट आएपनि विश्वास नगरेको बताएका छन् ।

त्यस्तै, दाङकी गंगा चौधरीले पार्टी अरुकै इसारामा चलेको बताउँदै स्वतन्त्र उम्मेद्वारी दिएकी छिन् भने केन्द्रीय कुन्दन कुशवाहा, बदमी बुढाले पार्टी नै परित्याग गरेका छन् । अझ, घनश्याम भुसाल निकट मानिएका थुप्रै नेताहरु पार्टी परित्याग गर्ने र केही नेताहरु पर्ख र हेरकै अवस्था छन् । अझ, नेता भीम रावल त उचित समयमा उचित निर्णय गर्छु भन्दै बसिरहेका छन् । एकातिर पार्टी नै फुटमा जानु अनि अर्कातिर भएका नेताहरुलाई पनि संरक्षण गर्न नसक्दा एमाले झनै कमजोर बन्ने आँकलन हुन थालेको छ । तरपनि, अध्यक्ष ओलीको दम्भ भने घट्नै सकेको छैन । जसले गर्दा आगामी निर्वाचनपछि जनमत झनै खस्कने विश्लेषण हुन थालेको छ ।

### बागीलाई ...

फिर्ता नलिए सम्बन्धित पार्टीले कारबाही गर्नेछन् ।

विज्ञप्तिमा भनिएको छ, 'सम्बन्धित पार्टी निकायहरूले पनि यो निर्देशन कार्यान्वयन गराउन सम्पूर्ण प्रयास गर्नु हुनेछ । निर्वाचन आयोगद्वारा निर्धारित समयसीमा असोज २६ गते १ बजेभित्र त्यस्ता सदस्यहरूले उम्मेदवारी फिर्ता नलिएमा सम्बन्धित पार्टीहरूले निष्कासन गर्ने व्यहोरा अवगत गराइन्छ ।'

प्रतिनिधिसभा र प्रदेशसभा सदस्यका लागि आइतबार मनोनयन दर्ता गराएका उम्मेदवार हरूले आफ्नो नाम फिर्ता लिने भए असोज २६ गते बिहान १० देखि दिउँसो १ बजेसम्मको समय दिइएको छ । उम्मेदवारी फिर्ता लिने समयसम्म दलहरु आन्तरिक असन्तुष्टि मिलाउने र वागी उम्मेदवारी फिर्ताका लागि वातावरण मिलाउनेमा केन्द्रित हुनेछन् । दलहरुले अन्तिम समयमा आएर आफ्ना निर्णयहरु फेरबदल गरेको र कतिपय अवस्थामा दलीय पद्धति विपरीत नेतृत्वले मनोमानी गरेको भन्दै देशका बिभिन्न निर्वाचन क्षेत्रमा नेताहरुको पार्टीको निर्णय लत्याएर बागी उम्मेदवारी दिएका हुन् ।

नेकपा एमालेले पनि बागी उम्मेदवारलाई फिर्ताको निर्देशन दिने तयारी गरेको छ । फिर्ता नगरे कारबाही गर्ने सम्मको तयारीमा एमाले नेतृत्व रहेको नेताहरु बताउँछन् ।

### मलेसिया....

र निःशुल्क स्वास्थ्य परीक्षण तथा कुनै पनि शुल्क नलाग्ने विज्ञापन गरेपनि कामदारबाट रकम असुली गर्ने र पारदर्शिताको आधारमा छनोट नगरिएको उल्लेख छ ।

कामदार छनोटमा पक्षपात र अनुचितरूपमा रकम असुली गरिएको विषय सार्वजनिक सञ्चारमाध्यममा आएको विषयमा गम्भीर ध्यानाकर्षण भएको भन्दै विभागले विज्ञापनमा उल्लेख भएअनुसार कामदार छनोट गर्न भन्दै विभागले अन्यथा भएमा वैदेशिक रोजगार ऐन २०६४ र नियमावली अनुसार कारबाही गर्ने बताएको छ ।

ऐनको दफा ५३ मा म्यानपावर कम्पनीले तोकिएभन्दा बढी रकम लिएमा लिएको रकम फिर्ता गर्न लगाई पटकैपिच्छे एक लाख रूपैयाँ जरिवाना गर्ने प्रावधान रहेको छ । २०७२ सालमा श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले खाडीका ६ मुलुक र मलेसिया जाने कामदारका हकमा फ्रि-भिसा फ्रि-टिकटको निर्णय गरेको थियो ।

नेपाल वैदेशिक रोजगार व्यवसायी संघ तथा अन्य वैदेशिक रोजगार व्यवसायीले हचुवाका भरमा सरकारले ल्याएको उक्त निर्णय कार्यान्वयन नहुने भन्दै परिवर्तनको माग गरिरहेका छन् ।

अन्य देशबाट नआएपनि पछिल्ला दिनमा मलेसियाबाट नेपाली कामदारका लागि उल्लेख्य मात्रामा फ्रि-भिसा फ्रि-टिकटको डिमाण्ड आई केही कामदार पूर्णतः निःशुल्करूपमा आकर्षक तलब सुविधाको रोजगारीमा गइरहेका छन् ।

### मन्त्रिपरिषद्....

छन् । तर यी मन्त्रीहरुले राजीनामा गर्ने मनसाय नगरेपछि हटाउन लागेका हुन् ।

२०७४ को चुनावमा पनि अहिलेकै जस्तो परिस्थिति प्रधानमन्त्री देउवाले खेपेका थिए । सत्ता साझेदार दल नेकपा माओवादी केन्द्रले एमालेसँग गठबन्धन गरेको थियो । देउवा नै प्रधानमन्त्री थिए । देउवा प्रधानमन्त्री भएकै बेला माओवादी केन्द्रले एमालेसँग चुनावी तालमेल गरेको थियो ।

तर माओवादी केन्द्रबाट मन्त्री बनेकाहरुले राजीनामा नगरी बसेका थिए । प्रधानमन्त्री देउवाले भने सबै मन्त्रीलाई बिना विभागीय बनाइदिएका थिए । बिना विभागीय मन्त्रीकै हैसियतमा चुनावमा गएका थिए । त्यसबेला जिम्मेवारी खोसेका देउवाले यसपटक भने हटाइदिने नै तयारी गरेका छन् ।

जसपा तर्फका मन्त्रीहरु हटेमा मन्त्रिपरिषद् फेरि अधुरो हुनेछ । सत्तारुढ गठबन्धनसँग सिट भागबण्डामा असन्तुष्टि जनाउँदै जसपाले एमालेसँग तालमेल गरेको छ । एमालेसँग तालमेल गरेपछि लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा) सत्तारुढ गठबन्धनमा भित्रिएको छ ।

तर निर्वाचन आचारसंहिताका कारणले गर्दा लोसपाका नेताहरुलाई प्रधानमन्त्रीले मन्त्री नियुक्ति गर्न पाउने छैनन् । त्यसो हुँदा चार वटा मन्त्रालय रिक्त हुनेछ । रक्षा मन्त्रालय यसअघि नै रिक्त थियो । ६ महिना मात्रै गैरसांसदले मन्त्री हुन पाउने संवैधानिक व्यवस्थाका कारणले कानून मन्त्री गोविन्द वियोगीको पनि पद जाँदैछ । यसको अर्थ मन्त्रिपरिषदमा अब ६ वटा मन्त्रालय रिक्त हुँदैछ ।

कांग्रेस महामन्त्रीमा पराजित भएपछि मिनेन्द्र रिजालले रक्षा मन्त्रीबाट राजीनामा दिएका थिए । त्यसपछि रक्षा मन्त्रालय प्रधानमन्त्री देउवा आफैले सम्हाल्दै आएका छन् । बाँकी मन्त्रालय पनि अब प्रधानमन्त्री देउवाकै कार्यालयमा जाने सम्भावना छ ।

मन्त्रिपरिषद् रिक्त हुन थालेको भने प्रतिनिधिसभा विघटनको निर्णय भएबाटै हो । तत्कालीन प्रधानमन्त्री केपी ओलीले प्रतिनिधिसभा विघटन गरेपछि लगातार मन्त्रीहरु फेरिने र रिक्त हुने क्रम चल्दै आएको छ ।


**मलेसियामा रोजगार** | कम्पनी: ORGABIO MANUFACTURING SDN.BHD. शहर: Malaysia

पूर्व स्वीकृत मितिः २०७९/०६/२५ चलानी नं.: ६०१८८९७८ LT. No.: 273242

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | factory worker | 38 | 0 | स. काममा दक्ष | 1500 | ४२,३९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय ललितपुरमा २०७९ कार्तिक २ गते (19 October 2022) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- रोजगारदाताले तिर्ने | रु. १,५००/- रोजगारदाताले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नः हरु साथमा राख्नु होला । आफु कठिनाइमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

NICE OVERSEAS PVT. LTD.
श्रम इजाजत पत्र नं. १०८९/०७३/०७४
Dhobighat-3, New Colony, Lalitpur, Tel.: 5435529, 5423629,, 985119
E-mail: info@niceoverseas.com.np, Website: www.niceoverseas.com


### मनकारी बैंकर्स

# जसले जन्मदिनको खर्च कटाएर वृद्धालाई सहयोग गरे खाद्यान्न

**सुमन महतारा/मध्यान्ह**
गुल्मी, २५ असोज



गुल्मीको रुरुक्षेत्र गाउँपालिका बलेटक्सारमा रहेको मेगा बैंक शाखा प्रमुख विज्ञान पन्तले आफ्नो जन्मदिनको अवसरमा रुरुक्षेत्र ४ की ९० वर्षीय मेनुकला उपाध्यायलाई दुई महिना पुग्ने खाद्यान्न सहयोग गरेका छन् ।

२४ वर्षकै उमेरमा विद्यवा भएकी मेनुकलाको जिविको निर्वाहको साहारा भनेको सामाजिक सुरक्षा भत्ता मात्र हो । तीन सन्तानको जन्म दिएकी मेनुकलाले १ छोरा र दुई छोरीको जन्म दिएकी थिइन् । तर छोराको पाँच वर्षकै उमेरमा निधन भएको थियो भने एक छोरीको पनि मृत्यु भइसकेको छ । सरकारले दिने सामाजिक सुरक्षा भत्ताको साहारामा जिविको निर्वाह गर्दै आएकी मेनुकाले यो खाद्यान्नले केही समयलाई राहत मिलेको भन्दै मनकारी पन्तलाई धन्यवाद दिइन् ।

सहयोग दाता पन्तले यो एउटा अवसर भएको बताए ।

उनले भने 'दुई दिन पहिला मात्र मलाई त्यस ठाउँमा एक्लै एकजना वृद्धा अवस्थाकी आमा हुनुहुन्छ भन्ने जानकारी भयो । मैले पनि जन्मदिनको अवसरमा सहयोग गर्ने सोच राखेको थिए । सोहि अनुसार सहयोग गर्ने अवसर पाएको खुसी लागेको छ ।'

# स्वतन्त्र उम्मेदवार यादवको मुख्य मुद्दा सामाजिक रुपान्तरण

**राजेन्द्र महतो/मध्यान्ह**
सिरहा, २५ असोज



राजनीतिक चिन्तनका धनी पत्रकार देब कुमार यादवले सिराहा निर्वाचन क्षेत्र नं २ बाट प्रतिनिधिसभा सदस्यका लागि स्वतन्त्र उम्मेदवारी दर्ता गराएका छन् । नेपालको राजनीतिक परिवर्तनको क्षेत्रमा नयाँ पहिचान स्थापित गरेका यादबले पत्रकारिता मार्फत समाजमा रहेको विकृति विसंगतिको विरुद्धमा हरदम समाजलाई सचेत गराउँदै आइरहेका थिए । पत्रकारितामा सिरहा मात्र नभएर केन्द्रसम्म आफ्नो छुट्टै पहिचान बनाएका यादब स्वच्छ, ईमान्दार, स्पष्ट वक्ता, मृदुभाषी, दुरदर्शी साथै आम जनताको बारेमा चिन्तन गर्ने व्यक्तित्व हुन् ।

उनी आफ्नो राजनीतिक यात्राको पहिलो शुरूवात स्वतन्त्र रूपमा अगाडि बढ्ने धारणा अगाडि ल्याउँदा आम सिरहाबासी खुसी भएका छन् ।

उम्मेदवारी दर्तापछिको संक्षिप्त कुराकानीमा उनले सामाजिक रुपान्तरण आफनो मूख्य मुद्दा हुने बताएका छन् । पुराना नेताहरुले हालसम्म समाजको हित हुने काम नगरेको, आम जनतालाई सास्ती दिएको, भ्रष्टाचारमा लिप्त बनेको तथा अन्याय अत्याचारलाई निर्मुल पार्ने उनको लक्ष्य छ ।

सिराहा जिल्लाको अनुहार फेर्नको लागि आफूले स्वतन्त्र उम्मेदवारी दिएको उनले बताएका छन् ।

सिरहाको पत्रकारितामा अमूल्य योगदान गर्दै पत्रकारिता मार्फत् समाज परिवर्तनका लागि दिएको योगदानको उचित मूल्यांकन गर्दै सिरहाका जनताले आफूलाई चुनावी मैदानमा उत्रिनका लागी प्रेरणा दिएको उनको भनाइ छ ।

# डेंगु संक्रमितको संख्या ३४ हजार नजिक

**काठमाडौं/मस-** नेपालमा डेंगु बिरामीको संख्या ३४ हजार नजिक पुगेको छ ।

स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका अनुसार हालसम्म देशमा डेंगु बिरामीको संख्या ३३ हजार ९७५ पुगेको छ । २०७९ साउन १ गतेदेखि यता उक्त संख्यामा डेंगुका बिरामी नेपालमा भेटिएका हुन् ।

डेंगुका कारण सो अवधिमा नेपालमा ४४ जनाको मृत्यु भएको मन्त्रालयले जनाएको छ । हाल देशको सातै प्रदेश अन्तर्गतका ७६ जिल्लामा डेंगु फैलिएको छ ।

यसैबीच ललितपुरको गोदावरी नगरपालिकाका ज्वरो आएका चार सय ५० व्यक्तिमा गरिएको स्वास्थ्य परीक्षणमा एक सय ३२ जनालाई डेङ्गु देखापरेको छ । गोदावरी नगरपालिका प्रमुख जनस्वास्थ्य अधिकृत लालबहादुर थापाका अनुसार उक्त नगरपालिकाको वडा नं ३, ११, १२, र १४ मा डेङ्गुको सङ्क्रमण बढी देखिएकाले नियन्त्रणका लागि विभिन्न किसिमका क्रियाकलाप अपनाउँदै आइएको छ ।

रेडक्रस, जनप्रतिनिधि, वडाका स्वास्थ्यचौकी, महिला स्वास्थ्य स्वयम्सेविका, विद्यालय र बुद्धिजीवीले घर, कार्यालय, उद्योग विद्यालय आदिमा पर्चा बाँड्ने, पानी जम्ने ठाउँमा सरसफाइ गर्नाका साथै सञ्चारमाध्यबाट जनचेतनासम्बन्धी कार्यक्रमहरु गरिराखेको उनको भनाइ थियो । अहिले नगरपालिकामा डेङ्गुको सङ्क्रमण कम भए पनि सर्तक रहन अह्वान गरिएको र त्यसका लागि पारासिटामोललगायत औषधि पर्याप्त व्यवस्था गरिएको बताइएको छ । नेपालमा ३३ हजार ९७५ मा डेङ्गु सङ्क्रमण भएकामा मृत्यु हुनेको संख्या ४४ पुगेको जनाइएको छ ।

**एकै दिन ८८ हजार बढीलाई कोभिड विरुद्धको खोप**

मंगलबार एकैदिन ८८ हजार छ सय ६६ जनाले कोभिडविरुद्धको खोप लगाएका छन् । देशभर पछिल्लो २४ घण्टामा थप ४५ जनामा कोभिड सङ्क्रमण पुष्टि भएको छ । सो अवधिमा दुई हजार दुई सय २२ जनाको नमूना परीक्षण गरिएको थियो । पाँच सय ७९ जनाले पिसीआर र एक हजार छ सय ४३ जनाको एन्टिजेन विधिबाट परीक्षण गरिएको स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले जनाएको छ ।

मंगलबार २९ जना कोरोना भाइरस सङ्क्रमणमुक्त भएका छन् । यससँगै सङ्क्रमण मुक्त हुनेको संख्या नौ लाख ८७ हजार तीन सय ५३ पुगेको छ । सङ्क्रमण मुक्त हुने दर ९८ दशमलव सात प्रतिशत रहेको मन्त्रालयले जनाएको छ ।




पथरी शनिश्चरे नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
पथरी, मोरङ्ग, प्रदेश नं १, नेपाल

# सरकारी कर्मचारी र शिक्षक चुनाव प्रचार–प्रसारमा, आयोगद्वारा कारबाही शुरु

काठमाडौं/मस-निर्वाचन आयोगले निर्वाचन आचारसंहिता, २०७९ को प्रतिकूल हुने गरी कतिपय सरकारी कर्मचारी तथा सार्वजनिक संस्थामा कार्यरत कर्मचारी र शिक्षकहरूले राजनीतिक दल र उम्मेदवारका पक्ष वा विपक्षमा प्रचारप्रसारमा संलग्न भएको पाइएपछि कारबाही प्रारम्भ गरेको छ ।

त्यसरी प्रचार-प्रसारमा संलग्न कर्मचारी तथा शिक्षकले उम्मेदवारसँग तस्वीर खिचाइ बधाई र शुभकामना दिने, राजनीतिक दल र उम्मेदवाहरूका प्रचार सामग्रीको शेयर र लाइक गर्ने गरेका घटनाहरू अनुगमनका क्रममा पाइएको छ ।




निर्वाचन आयोग ऐन, २०७३ को दफा २३ बमोजिम आचारसंहिताको अनुगमन र कारबाहीको प्रबन्ध रहेको छ । आयोगले त्यस्ता कर्मचारीलाई स्पष्टीकरणको मौका दिइ दोषी देखिएमा सचेत, विभागीय कारबाही वा निलम्बनसम्मको कारबाहीका लागि सम्बन्धित निकायलाई आदेश दिनसक्ने उक्त दफामा उल्लेख छ ।

आगामी मंसिर ४ गते हुने प्रतिनिधिसभा र प्रदेशसभा सदस्य निर्वाचन, २०७९ का लागि जारी गरिएको आचारसंहिताको अनुगमनका लागि आयोगमा रहेको अनुगमन समितिको अनुगमनका क्रममा ती कर्मचारीले पालन गर्नुपर्ने आचरणको उलंघनका घटना भेटिएको छ। निर्वाचन आचारसंहिता, २०७९ को दफा ७ मा नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहअन्तर्गत निकाय, अर्धसरकारी तथासार्वजनिक संस्था र सोमा कार्यरत कर्मचारीले पालना गर्नुपर्ने आचरणकोव्यवस्था गरिएको छ ।

उक्त दफाको (क) मा नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहअन्तर्गत निकाय, अर्धसरकारी तथा सार्वजनिक संस्था र सोमा कार्यरत कर्मचारीले 'कुनै राजनीतिक दल वा उम्मेदवारको पक्ष वा विपक्षमा प्रचारप्रसारमा संलग्न हुन वा प्रचारप्रसार गर्न नहुने उल्लेख छ। सोही दफाको (झ) मा सामाजिक सञ्जालमा राजनीतिक दल वा उम्मेदवारको पक्ष विपक्षमा कुनै सन्देश, सूचना, प्रचार-प्रसारमा सामग्री पोष्ट वा शेयर गर्न वा सामाजिक सञ्जाल मार्फत मत माग्न नहुने व्यवस्था गरिएको छ ।

आचारसंहिताको दफा ९ मा निर्वाचनको काममा संलग्न कर्मचारीले पालना गर्नुपर्ने आचरण, दफा १० मा विद्यालय, महाविद्यालय वा विश्वविद्यालय तथा सोमा सम्बद्ध कर्मचारी, प्राध्यापक तथा शिक्षकले पालना गर्नुपर्ने आचारण, दफा, ११ मा सरकारी वा गैह्रसरकारी निकायबाट सञ्चालित परियोजना, विकास समिति तथा सोका कर्मचारीले पालना गर्नुपर्ने आचारण र दफा १२ मा गैरसरकारी संस्था, विकास साझेदार संस्था, सम्बद्ध पदाधिकारी तथा कर्मचारीले पालना गर्नुपर्ने आचरणको व्यवस्था गरिएको छ। आयोगका प्रवक्ता शालिग्राम शर्मा पौडेलले ती कर्मचारीले आचारसंहिताको प्रतिकूल हुनेगरी कुनै राजनीतिक दल वा उम्मेदवारको पक्ष वा विपक्षमा प्रचारप्रसारमा संलग्न हुन वा प्रचारप्रसार गर्न नहुन ध्यानाकर्षण गराएका छन् ।

## अन्तर्राष्ट्रिय बालिका दिवस

# बालिकामाथि हुने सबै प्रकारका हिंसा अन्त्य हुनुपर्नेमा जोड

भक्तपुर/मस-अन्तर्राष्ट्रिय बालिका दिवसको अवसरमा नेपालमा पनि विभिन्न कार्यक्रमको आयोजना गरिएको छ ।



दिवसको अवसरमा रोटरी इन्टरनेशनल डिस्ट्रिक्ट ३२९२ नेपाल भूटानको गर्ल्स चाइल्ड इम्पावरमेन्ट कमिटीले भक्तपुरको मेधा माध्यमिक विद्यालयमा बालिकाको सशक्तिकरणका सन्दर्भमा अन्तरक्रिया तथा जागरणमुलक प्रशिक्षण कार्यक्रम सम्पन्न गरेको छ । सो अवसरमा बालिकाको सशक्तिकरणका विविध आयामदेखि रोटरीको भूमिकाका विषयमा समेत छलफल गरिएको थियो। कार्यक्रममा रोटरी इन्टरनेशनल डिस्ट्रिक्ट ३२९२ नेपाल भुटानका डिस्ट्रिक्ट गभर्नर जितेन्द्र बहादुर राजभण्डारीले बालिकामाथि हुने सबैप्रकारका घरेलु तथा लैंगिक हिंसाको अन्त्य नभएसम्म बालिकाको सशक्तिकरण हुन नसक्ने बताए ।

कार्यक्रम रोटरी इन्टरनेशनल डिस्ट्रिक्ट ३२९२ नेपाल भूटानको गर्ल्स चाइल्ड इम्पावरमेन्ट कमिटीको आयोजना, रोटरी क्लव अफ जावलाखेल र रोटरी क्लव अफ भक्तपुरको सहयोगमा सम्पन्न भएको थियो। कार्यक्रममा पूर्व डिस्ट्रिक्ट गभर्नर सञ्जय गिरीले बालिका सशक्तिकरणका विषयमा आफ्नो धारणा राखेका थिए । कार्यक्रममा रोटरी क्लव अफ भक्तपुरकी अध्यक्ष बिनिता हाडाले स्वागत गरेकी थिइन् भने धन्यवाद ज्ञापन रोटरी क्ल्व अफ जावलाखेलका निर्वतमान अध्यक्ष प्रविण भट्टराईले गरेका थिए । कार्यक्रममा रोटररियन समेत रहेकी प्रशिक्षक आरधना श्रेष्ठले सफ्ट स्किल्सबारे बिद्यालयका कक्षा नौका छात्र तथा छात्राहरुलाई प्रशिक्षण प्रदान गरेकी थिइन् ।

## सामुहिक बलात्कार घटना

# प्रहरीले जाहेरी दर्ता गर्न नमानेको गुनासो



**रामकरन हरिजन/मध्यान्ह**
पश्चिम नवलपरासी, २५ असोज

पश्चिम नवलपरासीमा सामुहिक बलात्कार घटनाकी पीडित महिलाले प्रहरीले आफ्नो जाहेरी लिन नमानेको आरोप लगाएकी छन् । पीडित महिलाले १० दिन अगाडि प्रहरीमा जाहेरी दिएको भएपनि ईलाका प्रहरी कार्यालय बेलाटारीले अहिलेसम्म दर्ता नगरेको पीडितको आरोप छ।

प्रतापुर गाउँपालिकाकी एक महिलाले आफूलाई चार जनाले बलात्कार गरेको भन्दै प्रहरीमा जाहेरी दिन पुगेकी थिइन् ।

पीडित महिलाले प्रतापपुर -६ का दुर्गेश गुप्ता, रवीन्द्र गुप्ता, सुजित गुप्ता र सुस्ता -५ का उस मोहम्मद मियाँले आफूलाई बलात्कार गरेको आरोप लगाउँदै जाहेरी दिन गएकी थिइन् । तर स्थानीय राजनीतिक दलका नेताहरुको दवावमा प्रहरीले जाहेरी लिन नमानेको पीडित परिवारले बताएको छ । बेलाटारी प्रहरी कार्यालयमा जाहेरी दिन जाँदा जाहेरी नलिएपछि जिल्ला प्रहरी कार्यालयमा जाहेरी दिन गएको पीडित परिवारले बताएका छन्। तर त्यहाँ पनि प्रहरीले जाहेरी नलिएको उनीहरुले बताएका छन्।

प्रतापपुरका सत्तामा रहेका स्थानीय राजनीतिक दलका ईसारामा बेलाटारी ईलाका प्रहरी कार्यालयले अपराधिहरुलाई छाडेको उनीहरुको आरोप छ । 'जिल्ला प्रहरी कार्यालयले ईलाका प्रहरीलाई जाहेरी दर्ताको लागि पठाएको छ । तर ईलाका प्रहरीले दर्ता गरेको छैन' पीडित महिलाका एक आफन्तले बताए । जिल्ला प्रहरी कार्यालयका सूचना अधिकारी भोजराज पाण्डेयले जाहेरी दर्ता गर्नको लागि ईलाका प्रहरी कार्यालयलाई पत्र पठाई सकेको बताए। उनले भने, 'जिल्ला प्रहरी कार्यालयले ईलाका प्रहरी कार्यालयलाई आवश्यक कारबाही अगाडि बढाउन भनेको छ ।'

यता ईलाका प्रहरी कार्यालयका प्रहरी निरीक्षक नवराज केसी पिडकहरुलाई कुटाई खुवाउनको लागि महिलाले आफै बोलाएको र बलात्कारको आरोप लगाएको बताएका छन् । उनले घटनाबारे थप अनुसन्धान अगाडि बढाउने पनि बताए ।


### कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशित मितिः २०७९/०६/२६**

**खावा कृषि फार्म प्रा.लि.**को मिति २०७९/०५/२० मा सम्पन्न विशेष साधारण सभाको बैठकको निर्णय बमोजिम साविक कम्पनीको नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने कर, दायित्व आदि सबै परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने शर्तमा साविक नाम परिवर्तन गरी **दोलखा चौरी पालन प्रा.लि. (प्रा. लि. नं.: १०८४२१)**, कायम गर्ने गरी मिति २०७९/०६/११ गते श्री कम्पनी रजिष्ट्रारको कार्यालयबाट स्वीकृती प्राप्त भएकोले सर्वसाधारण तथा सरोकारवाला सबैका जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

### हकदावी सम्बन्धी ३५ दिने सूचना

कम्पनी ऐन २०६३ बमोजिम मिति २०७२/०५/११ मा दर्ता भएको **प्रा.लि. नं. १३९२५९** को **सिम्यायोसिस् एसोसियट्स प्रा.लि. को मिति २०७९/०६/२५** मा सम्पन्न विशेष साधारणसभाको बैठकको निर्णय बमोजिम कम्पनी ऐन २०६३ को दफा १२६ बमोजिम स्वेच्छिक खारेजी लिक्विडेशनमा लैजाने निर्णय गरेकोले यस कम्पनीसँग कोही कसैलाई कुनै किसिमको लेनदेन बाँकी बक्यौता रहेको भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्रमा निम्न लिखित लिक्विडेटरको कार्यालयमा हकदावी गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सूचना जारी गरीएको छ ।

**लिक्विडेटरः शेर बहादुर रोकाया, इजाजतपत्र नं. २८७, ठेगाना : बबरमहल, काठमाडौं**
**फोन नं. ९८४१३४०४०३, ईमेल :** rokayasherbahadur723@gmail.com



## मलेसियामा रोजगार | कम्पनी : TALBROS PRECISION MANAGEMENT SDN BHD
शहर : Malaysia

पूर्व स्वीकृत मितिः २०७९/०६/२५ | चलानी नं.: ६०१८८९७७ | LT. No.: 273225

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | General Worker | 20 | 0 | स. काममा दक्ष | 1500 | ४२,३९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ कार्तिक २ गते (19 October 2022) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रु. ७००/- रोजगार दाताले | रु. १,५००/- रोजगार दाताले | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । २. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ३. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ४. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ५. काममा विदेश जाँदा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ६. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नुहोला ।

**Nepal Placement Agency Pvt. Ltd.**
Shuberna Shamsher Marga- 4, Baluwatar, Kathmandu, Nepal
Tel: 01- 4432999 01-4431239, 9851315903
Email: info@npajobs.com, Web.: www.npajobs.com
श्रम इजाजत नं.: ३९०/०५९/०६०



## साउदीमा रोजगार | कम्पनी: AL MAJAL AL ARABI GROUP COMPANY
शहर: SAUDI

पूर्व स्वीकृत मितिः २०७८/११/०५ | चलानी नं.: ६०१७४६७० | LT. No.:258181 | पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | FACTOR | 100 | 0 | स. काममा दक्ष | 1000 | ३४,९७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ कार्तिक २ गते (19 October 2022) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | कामदार आफैले | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाइमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

Govt. Lic No.:417/060/061
**Paramount Employment Consultant Pvt. Ltd.**
P.O.Box: 24009, Balkumari, Lalitpur, Tel.: 01-5186269, 5186052
Email: info@paramount-consultant.com | Web: www.paramountconsultant.com



## कतार र मेलेसियामा रोजगार

१. कम्पनी : THE COFFEE BEAN & TEA LEAF | शहर : DOHA

पूर्व स्वीकृत मितिः २०७९/०३/१७ | चलानी नं.: ६०१८२२७४ | LT. No. : 266381 | पुन विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cashier | 2 | 0 | सम्बन्धित काममा दक्ष | 1300 | ४६,७६१ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Waiter | 2 | 0 | | 1400 | ५०,३५८ | | | | | | | |

२. कम्पनी : ALMANA VENTURES | शहर : DOHA

पूर्व स्वीकृत मितिः २०७८/०८/२७ | चलानी नं.: ६०१७०३१८ | LT. No.: 253450 | पुन विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | waiter | 1 | 0 | सम्बन्धित काममा दक्ष | 1400 | ५०,३५८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | cleaner | 2 | 0 | | 1000 | ३५,९७० | | | | | | | |
| 3. | Driver | 1 | 0 | | 1400 | ५०,३५८ | | | | | | | |

३. कम्पनी : SYMPHONY WORLD SDN. BHD. | शहर : PENANG

पूर्व स्वीकृत मितिः २०७९/०४/०३ | चलानी नं.: ६०१८३४६० | LT. No.:267532 | पुन विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | cleaner | 19 | 0 | स. काममा दक्ष | 1500 | ४२,३९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

४. कम्पनी : SYMPHONY WORLD SDN. BHD. | शहर : Malaysia,PENANG

पूर्व स्वीकृत मितिः २०७९/०६/२५ | चलानी नं.: ६०१८८९५३ | LT. No.:273134

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cleaner | 30 | 0 | स. काममा दक्ष | 1500 | ४२,३९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ कार्तिक २ गते (19 October 2022) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाइमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

**Seagull International Global H.R. Consultants Pvt. Ltd.**
(Birad Associates Pvt. Ltd.)
Sukedhara-4, Kathmandu, Nepal | Tel : 01-4375822, 01-4375824
Mobile: 9847754585, 9808818854, E-mail: cm.birad@gmail.com
ईजाजत नं.: ४०७/०६०/०६१



## शुन्य लागतमा घरेलु कामदारलाई Jordan मा रोजगारी

१. कम्पनी : AJWAA EST | शहर: AMMAN

पूर्व स्वीकृत मितिः २०७८/०२/२६ | चलानी नं.: ६०१६७५८६ | LT. No.: 250052 | पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब USD | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Home Maid (Female) | 0 | 35 | स. काममा दक्ष | 300 | ३९,४२६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**नोट : भाषा तथा घरायसी काम सम्बन्धी १ (एक) महिने तालिम अनिबार्य लिनु पर्ने । खाना, बस्न सहित तालिम नि:शुल्क हुने र शुन्य लागत (Zero cost) मा जान पाईने ।**

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ कार्तिक २ गते (19 October 2022) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रु. ७००/- रोजगार दाताले | रु. १,५००/- रोजगार दाताले | नि:शुल्क |

## MALAYSIA मा रोजगार | १. कम्पनी : STELLAR DIAMOND SDN. BHD.
शहर: Malaysia

पूर्व स्वीकृत मितिः २०७९/०६/२५ | चलानी नं.: ६०१८८९३१ | LT. No.: 272963

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cleaning Worker | 90 | 0 | स. काममा दक्ष | 1500 | ४२,३९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

**अन्तर्वार्ता हुने स्थान र ठेगाना:**
मेनपावर कार्यालय काठमाडौंमा २०७९ कार्तिक २ गते (19 Oct. 2022) मा हुनेछ ।
खुकुरी होटेल, आइतबारे रोड, इटहरीमा २०७९ कार्तिक ३ गते (20 Oct. 2022) मा हुनेछ ।
कोहिनूर होटेल, बिर्तामोडमा २०७९ कार्तिक ४ गते (21 Oct. 2022) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- रोजगारदाताले तिर्ने | रु. १,५००/- रोजगारदाताले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । २. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ३. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ४. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो साग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ५. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ६. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नुहोला ।

**युरो क्रस ईन्टरनेशनल प्रा. लि.**
एयरपोर्ट, काठमाण्डौ, नेपाल, फोन नं. ४४८५८८३.
Kathmandu Offcie No.: 4585883 | Itahari Contact No.: 9810436524, 9819048291
Birtamod Contact No.: 9814336872, 9852057349



## शुन्य लागतमा कतारमा वैदेशिक रोजगारी



**PRE OPENING ULTRA LUXURY 5 STAR HOTEL & BIGGEST WATERPARK IN QATAR**

कम्पनी : RIXOS QETAIFAN ISLAND NORTH HOSPITALITY

पूर्व स्वीकृत मितिः २०७९/०४/२४ | चलानी नं.: ६०१८४९२५ | L.T. No.: 268911 | शहर: DOHA | पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Hotel Services | 40 | 30 | सम्बन्धित काममा दक्ष | 1600 | ५७,५५२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | supervisor | 5 | 6 | | 2500 | ८९,९२५ | | | | | | | |

कम्पनी : DOHA OASIS INVESTMENT LACIGAL MUSHERB | शहर: DOHA

पूर्व स्वीकृत मितिः२०७८/०९/०९ | चलानी नं.: ६०१७२३४५ | LT. No.: 254443 | पुन विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Supervisor | 0 | 1 | सम्बन्धित काममा दक्ष | 2500 | ८९,९२५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Waiter | 11 | 0 | | 1500 | ५३,९५५ | | | | | | | |

कम्पनी : UNITED HOTEL MANAGEMENT (LE VENDOME PALACE ) | पुन विज्ञापन

पूर्व स्वीकृत मितिः २०७८/०८/०१ | चलानी नं.: ६०१६७८५७ | L.T. No.: 250895 | शहर: DOHA

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Hotel Services | 94 | 50 | सम्बन्धित काममा दक्ष | 1300 | ४६,७६१ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | supervisor | 6 | 0 | | 2500 | ८९,९२५ | | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ कार्तिक २ गते (19 October 2022) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

